# भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

सूचना सूचना सूचना

जिल्ला रुपन्देही साबिक सुर्यपुरा वडा न. ९ हाल गैडहवा गा.पा. वडा नं. ६ बस्ने सुब्बी चाई ले साबिक देखि हाल सम्म हकभोगमा रहेको जिल्ला रुपन्देही साबिक सुर्यपुरा गा.बि.स. वडा न. ४क को तपसीलको कित्ता जग्गा सर्वे नापी भई दर्ता हुन छुट भएकोमा सहदेव चाई को मिति २०६२।०२।२९ गते मृत्यु भइसकेकोले मालपोत ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०।१०।११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मिति २०८०।१२।२२ गते भूमिसुधार तथा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन पेश गर्नुभएकोले माग निवेदन बमोजिम छुट जग्गा दर्ता गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ ।

**जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा | सिट न. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | सुर्यपुरा | ४ | ४क | ३९८ | ०-२-५ | खाली | |
| | | | | | ५३२ | ०-२-४ | खाली | |

इति सम्बत् २०८० साल १२ महिना २५ गते रोज १ शुभम् ।

मालपोत अधिकृत